NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# द कार्टर सेन्टरले नेपालको शान्ति प्रक्रियालाई सहयोग जारी राख्ने

**जुलाई १०, २००९**
**शीघ्र प्रकाशनका लागि**

सम्पर्क :
एटलान्टामा : डेबोरा ह्याक्स, ४०४-४२०-५१२४
काठमाण्डूमा : सारा लेभिट-शोर, + ९७७ १ ४४४-५०५५/१४४६

द कार्टर सेन्टर नेपालले विगत तीन वर्षमा शान्ति र स्थायित्वको मार्गमा गरेको उल्लेख्य प्रगतिको प्रशंसा गर्दछ तर सन् २००८ को संविधानसभा निर्वाचनको लगत्तै सहमतिको राजनीति भङ्ग भएको र अघिल्ला प्रतिबद्धताहरूको कार्यान्वयनमा देखिएको ढिलाइले अहिलेसम्म हासिल भएको प्रगतिलाई छिन्नभिन्न पार्नसक्ने कुराप्रति चासो राख्दछ ।

"म नेपाली राजनीतिक कर्ताहरूलाई विगतका केही वर्षदेखिको ऐतिहासिक प्राप्तिहरूलाई नेपाली नागरिकहरूको हितमा सुदृढ गर्न र सदिच्छापूर्वक एक साथ मिलेर काम गर्न प्रोत्साहित गर्दछु," अमेरिकी पूर्व राष्ट्रपति तथा कार्टर सेन्टरका सह-संस्थापक जिम्मी कार्टरले भन्नुभयो । "नेपालका लागि वास्तविक र चिरस्थायी शान्तिको मार्गमा हासिल भएका प्रगतिमा अवरोध पुऱ्याउन खोज्ने चुनौतीहरूलाई पन्छाउँदै लोकतान्त्रिक र समावेशी संविधानको मस्यौदा गर्नका लागि यस्तो सहकार्य अपरिहार्य छ ।"

जुन २००९ मा, द कार्टर सेन्टरले शान्ति तथा संविधान मस्यौदा प्रक्रियालाई बढोत्तरी गर्न सकिने अवसर र चुनौतीहरू पहिचान गर्न नौ वटा विभिन्न राष्ट्रको प्रतिनिधित्व गर्ने १५ जना दीर्घकालीन पर्यवेक्षक प्रतिनिधिहरूलाई नेपालका पाँच वटा विकास क्षेत्रहरूमा परिचालन गऱ्यो । तिनीहरूले सरकारी अधिकारीहरू, राजनीतिक कर्ताहरू, अन्तर्राष्ट्रिय समुदायका सदस्यहरू, नागरिक समाजका प्रतिनिधिहरू, मिडियाका सदस्यहरू, र सर्वसाधारण नागरिकहरूसँग भेटघाट गर्नेछन् । द कार्टर सेन्टरले पर्यवेक्षकहरूद्वारा पत्ता लगाइएका तथ्यहरूमा आधारित सुझावहरूसमेत समावेश गरी नियमित विज्ञप्तिहरू प्रकाशित गर्नेछ ।

द कार्टर सेन्टर नेपालमा सन् २००३ देखि सक्रिय रूपले कार्यरत रहेको छ र, हालै सेन्टरले सन् २००८ को संविधानसभा निर्वाचनका लागि दीर्घकालीन अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन

सञ्चालन गऱ्यो । द कार्टर सेन्टरलाई यतिखेर स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरमा शान्ति प्रक्रिया र संविधान मस्यौदा कार्यमा केन्द्रित हुँदै नेपालमा यसको अन्तर्राष्ट्रिय पर्यवेक्षण उपस्थिति राखिरहन निमन्त्रणा गरिएको छ ।

"नेपालका राजनीतिक नेताहरूले कठिन घडीहरूमा साझा सहमतिको आधार पहिल्याउन उल्लेख्य क्षमता देखाएका छन्," हालै नेपालमा एउटा मूल्यांकन मिसन पूरा गर्नुभएका द कार्टर सेन्टरका डेमोक्रेसी प्रोग्रामका उप-निर्देशक डा. डेभिड पोटीले भन्नुभयो । "अहिले, संविधानसभा निर्वाचनको एक वर्षभन्दा बढी समयपश्चात्, म के आशा गर्छु भने सम्पूर्ण पार्टीहरू तिनीहरूले थालनी गरेको सहमतिको बाटोभन्दा उत्तम विकल्प केही हुनेछैन भन्ने मनन गर्दै तिनीहरूका प्रतिबद्धताहरू ताजा बनाउन एकसाथ हुन सक्नेछन् र शान्ति प्रक्रियालाई अगाडि बढाउनेछन् ।"

####

*कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो । मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ७० भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग गरेको छ ।*